FACTSHEET

**प्रतिषेध:** यो जानकारीपत्र शैक्षिक प्रयोजनका लागि मात्र हो। अंग्रेजीबाट सही अनुवाद गर्न हरेक प्रयास गरिए पनि, भाषा अनुवादको काम एकदमै जटिल हो र त्यसैले व्यक्तिगत अनुवादहरूमा त्रुटि पाइन सक्छन्। तपाईँको बच्चाको लागि यो जानकारी सही भएको निश्चित गर्नका लागि कृपया तपाईँको डाक्टर वा अन्य स्वास्थ्य व्यवसायीहरूसँग परामर्श लिनुहोस्।

# CPAP/द्वि-तहको हेरचाह तथा उपकरणको मर्मत

# CPAP/Bi-level care and maintenance of equipment

## CPAP/द्वि-तहको मास्क

## CPAP/Bi-level Mask

**क्युसन तथा फ्रेम**

तपाईँको बच्चाको मास्कको सरसफाइ तथा मर्मत तपाईँको जिम्मेवारी हुन्। तपाईँको बच्चाको CPAP मास्क सामान्यतया 12 देखि 24 महिनाका लागि टिक्छ तर उपयुक्त तवरले हेरचाह गर्ने हो भने यसले थुप्रै वर्ष काम गर्न सक्छ। मास्कलाई बदल्ने तपाईँको जिम्मेवारी हो। तपाईँको निद्रा समूह (Sleep Team) सम्पर्कले तपाईँलाई यस्को खरिदको लागि खुद्रा विक्री केन्द्रहरूको विस्तृत विवरण प्रदान गर्न सक्छन्।

मास्कको कुसन तथा फ्रेमलाई हातले धुने निर्देशन प्रयोग गरेर वा चिसो सफा कपडाले पुछेर (वा बच्चाको वाइपले) हरेक दिन सफा गरिनु पर्छ। मास्कको हरेक भागलाई हातले धुने निर्देशनको पालना गरेर वा डिसवासरमा धुने निर्देशनको प्रयोग गरेर कम्तीमा हप्तामा एक पटक सफा गरिनुपर्छ।

**हातले धुने निर्देशन:**

1. मास्को फ्रेमबाट क्युसनलाई अलग्याउनुहोस् (कसरी गर्ने भनेर तपाईँलाई देखाइनेछ)।
2. भाँडा माझ्ने डिटरजेन्ट तथा तातो पानीले क्युसनलाई हातले धुनुहोस्।

**कृपया याद गर्नुहोस्:** ब्लीच, अल्कोहोल, क्लोरिनमा आधारित पदार्थहरू, कन्डिसनर, मोस्चुराइजर तथा घरायसी सफाइका कडा पदार्थहरू जसले मास्कलाई हानि गर्न सक्छन् तिनलाई प्रयोग नगर्नुहोस्।

3. मास्कको हरेक भागलाई प्रत्यक्ष घामको किरणबाट सुख्खा हुन दिनुहोस् र तिनलाई फेरि जडान गर्नुअघि कतै क्षति भएको छ कि जाँच गर्नुहोस्।

कृपया याद गर्नुहोस: यदि मास्कको कुनै भागमा क्षति भएको छ भने त्यसलाई बदल्नुपर्छ। मास्कलाई परिवर्तन गर्नका लागि परिवारहरू जिम्मेवार छन्।

**डिसवासर निर्देशन:**

**कृपया याद गर्नुहोस: सबै मास्कहरू डिसवासरले सफा गर्दा सुरक्षित हुँदैनन्** डिसवासरमा सफा गरिनुअघि कृपया प्रयोग विधि पढ्नुहोस्।

1. मास्क फ्रेमबाट कुसनलाई अलग्याउनुहोस् (कसरी गर्ने भनेर तपाईँलाई देखाइनेछ)।
2. मास्कको सबै भागहरुलाई (हेडगियरबाहेक) डिसवासरको माथिल्लो खण्डमा राख्नुहोस्। कुसनको समथर सतहलाई तलपट्टि पार्नुपर्छ ताकि कुसनको नरम भागमा क्षति नपुगोस्।
3. मास्को हरेक भागलाई हावाद्वारा सुख्खा हुन दिनुस् र पुनः जडान गरिनुअघि कुनै क्षति भएको छ कि जाँच गर्नुहोस्।

**कृपया याद गर्नुहोस:** यदि मास्कको कुनै भागमा क्षति भएको छ भने त्यसलाई बदल्नुपर्छ। मास्कलाई परिवर्तन गर्नका लागि परिवारहरू जिम्मेवार छन्।

the children's hospital at Westmead

The Sydney children's Hospitals Network


© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

## हेडगियर

## Headgear

1. फ्रेमबाट हेडगियरलाई अलग्याउनुहोस्।
2. तातोपानी र साबुन पानीले हेडगियरलाई सफा गर्नुहोस्।
3. सफा पानीमा राम्रोसँग पखाल्नुहोस्। **कृपया याद गर्नुहोस: ब्लिच गर्नुहुँदैन**
4. प्रत्यक्ष सूर्यको किरणबाट हेडगियरलाई सुक्न दिनुहोस्।
5. सुख्खा भइसकेपछि हेडगियरलाई फ्रेममा पुनः लगाउनुस् र प्रयोग गर्नुअघि मिलाउनुस्।

**कृपया याद गर्नुहोस्:** ब्लीच, अल्कोहोल, क्लोरिनमा आधारित पदार्थहरू, कन्डिसनर, मोस्चुराइजर तथा घरायसी सफाइका कडा पदार्थहरू जसले हेडगियरलाई हानि गर्न सक्छन् तिनलाई प्रयोग नगर्नुहोस्।

## ट्युबिङ् (Tubing)

## Tubing

**ट्युबलाई हरेक हप्तामा एकपटक सफा गरिनुपर्छ।**

1. तारहरूको भागलाई अलग्याउनुहोस् (कसरी गर्ने तपाईँलाई देखाइनेछ)।
2. ट्युबिङ् तथा ट्युबिङ् जोड्ने कनेक्टरलाई साबुन पानी तथा तातोपानीले हातले धुनुहोस् र राम्रोसँग पखाल्नुहोस्।
3. ट्युबिङ्लाई माथि फर्काएर टाँग्नुहोस् ताकि प्रत्यक्ष घाममा यो सुक्न पाओस्।
4. जब ट्युबिङ् सुख्खा हुन्छ पुनः जडान गर्नुअघि प्वाल वा चिराहरूका लागि जाँच गर्नुहोस्।

**कृपया याद गर्नुहोस्:** यदि ट्युबिङ्मा क्षति पुगेको छ भने यसलाई परिवर्तन गरिनुपर्छ। ट्युबिङ्को परिवर्तनका लागि परिवारहरू जिम्मेवार रहन्छन्।

5. हरेक 7-10 दिनमा वा यदि कालो रङ्ग देखिए त्योभन्दा अघि फेर्नुपर्ने भएकोले ब्याक्टेरिया फिल्टरलाई जाँच गर्नुहोस् (प्रयोग गरेको भए)। प्रयोग गर्नुपर्ने भए फिल्टरको खरिदका लागि परिवारहरू जिम्मेवार रहन्छन्।

## CPAP/द्वि-तहको मेसिन

## CPAP/Bi-level machine

CPAP वा द्वि-तहको मेसिनलाई सफा चिसो कपडाले पुछेर सफा गर्न सकिन्छ। मेसिनमा फिल्टरहरू हुन्छन् जसले हावाबाट आएका धूलो तथा फोहोरहरूलाई छान्ने काम गर्छन्। भित्री फिल्टरहरूलाई जाँचिरहनुपर्छ र नियमित सफा गरिनुपर्छ। यसलाई मास्क तथा ट्युबिङ् सफा गर्ने बेलामा साप्ताहिकरूपमा मर्मत गरिनु उत्तम हुन्छ।

**नष्ट गर्न नमिल्ने मेसिन फिल्टर (मेसिनको पछाडिपट्टि) सफा गर्ने निर्देशनहरू**

1. यदि फोम फिल्टर फोहोर छ भने बगिरहेको पानीमुनि राखेर मल्दै निचोर्दै गर्नुहोस्।
2. फिल्टरलाई तातो, साबुन पानीले धुनुहोस् र प्रत्यक्ष घामबाट सुक्न दिनुहोस्। फिल्टर पूरै सुख्खा भएपछि त्यसलाई पुन CPAP/द्वि-तहको मेसिनमा जडान गर्नुहोस्।

**कृपया याद गर्नुहोस:** ती फिल्टरहरूलाई हरेक 6 महिनामा फेर्नु पनेर्छ। तपाईंले जहाँबाट उपकरण भाडामा ल्याउनुभएको हो कृपया त्यस केन्द्रमा सम्पर्क राख्नुहोस्।

**ब्याक्टेरियल फिल्टर**

सबै भाडाका मेसिनहरूमा तपाईँले ब्याक्टेरियल फिल्टरको प्रयोग गर्नुपर्नेछ। ती फिल्टरहरूले मेसिन र ट्युबिङ्बीच जोड्ने काम गर्दछ। ती फिल्टरलाई हरेक 7-10 दिनमा फेर्नुपर्नेछ। शुरूमा तपाईँलाई मेसिनसहित फिल्टर आपूर्ति गरिएको हुनेछ। ती फिल्टरहरू फेर्नका लागि तपाईं जिम्मेवार हुनुहुन्छ र तपाईँको स्वास्थ्य व्यवसायीले खरिदका स्रोतहरूका बारेमा तपाईँलाई सुझाव दिनुहुनेछ।

## सम्पर्क

## Contacts

- वैज्ञानिक अधिकारी
  (02) 9845 1851
- चिकित्सा नर्स विशेषज्ञ (Clinical Nurse Specialist)
  (02) 9845 0230
- चिकित्सा नर्स परामर्शदाता (Clinical Nurse Consultant)
  (02) 9845 2572
- उपकरण केन्द्र
  (02) 9845 2563
- बायोमेडिकल इञ्जिनीयरिङ् विभाग (Biomedical Engineering Department)
  (02) 9845 2602

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

**याद गर्नुहोस्:**

**Remember:**

- एउटा मास्कलाई राम्रोसँग हेरचाह गरियो भने धेरै वर्ष टिक्छ।
- हरेक दिन – मास्कलाई सफा गर्ने वा पुछ्ने गर्नुपर्छ।
- हरेक हप्ता - मास्क तथा ट्युबिङ्लाई सफा गरिनुपर्छ।
- हरेक 6 महिनामा - नष्ट गर्न नमिल्ने फिल्टरहरूलाई बदल्नुपर्नेछ।

© The Children’s Hospital at Westmead, Sydney Children’s Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.